*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* **Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)**

# पूर्वीय दर्शनमा तत्वमीमांसा र ज्ञानमीमांसा

(Metaphysics and Epistemology in Eastern Philosophy)

**घनश्याम घिमिरे**

उपप्राध्यापक, मकवानपुर बहुमुखी क्याम्पस
Email: gshyamghimire420@gmail.com
DOI: https://doi.org/10.3126/irjmmc.v2i3.40086

Received: August 07, 2021; Revised & Accepted: September 12, 2021; Published: September 29, 2021

© Copyright: Ghimire (2021).

## शोधसार

*प्रस्तुत लेखमा दर्शनका बारे सामान्य परिचय दिंदै पूर्वीय सभ्यताअन्तर्गत भारतीय खण्ड वा हिमाली क्षेत्रबाट प्रवर्तित प्राचीन दर्शनहरूको उल्लेख गरिएको छ । यसक्रममा षड्दर्शन अन्तर्गत पर्ने साङ्ख्य,योग,न्याय,वैशेषिक,मीमांसा र वेदान्तदर्शनएवम् वेदको अस्तित्वलाई अस्वीकार गर्ने चार्वाक,जैन र बौद्धदर्शनको पहिचान गरिएको छ । तत्वमीमांसा र ज्ञानमीमांसा भनेको के हो ? भन्ने विषयमा संक्षिप्त रुपले विश्लेषण गरिएको छ । पूर्वीय क्षेत्रबाट प्रवर्तित प्राचीन नौवटा दर्शनको सामान्य परिचय दिदै तिनीहरूमा पाइने तत्वमीमांसा र ज्ञानमीमांसाका बारे संक्षेपमा उल्लेख गरिएको छ । यसक्रममा तत्वमीमांसाका बारे छलफल गर्दा साङ्ख्यदर्शनमा प्रकृति र पुरुषसहित पच्चीस तत्त्व, योगदर्शनमा छब्बीस तत्त्व, न्यायदर्शनमा सोह्र पदार्थ, वैशेषिकदर्शनमा सात पदार्थ, मीमांसा दर्शनमा पञ्चकर्म, वेदान्तदर्शनमा अद्वैतवाद(ब्रह्मवाद), चार्वाक दर्शनमा भौतिकवाद, जैन दर्शनमा बहुतत्ववाद र बौद्धदर्शनमा शून्यवाद मुख्य तत्वका रुपमा आएका छन् भनेर उल्लेख गरिएको छ । त्यसैगरी ज्ञानमीमांसाका बारे छलफल गर्दा साङ्ख्यदर्शनमा कार्यकारण सिद्धान्त र सत्कार्यवाद, योग दर्शनमा चित्तको व्याख्या र अष्टाङ्ग योग, न्यायदर्शनमा प्रमा, प्रमाता, प्रमाण र प्रमेयकाबारे वृहत् छलफल, वैषेशिकदर्शनमा परमाणुवाद, मीमांसादर्शनमा धर्मफल(कर्मफल सिद्धान्त÷कर्मवाद), वेदान्तदर्शनमा ज्ञानका प्रकार र मोक्षप्राप्तिका साधन, चार्वाक दर्शनमा प्रत्यक्ष प्रमाणका आधारमा लौकिक संसारको व्याख्या, जैन दर्शनमा अनेकान्तवाद, स्याद्वाद र सप्तभङ्गीनयको व्याख्या गर्दै ज्ञानका प्रकार एवम् विधि र बौद्ध दर्शनमा प्रतीत्यसमुत्पाद, कर्मवाद, अनित्यवाद, अनात्मवाद, क्षणिकवाद, शून्यवाद मुख्य ज्ञानका रुपमा आएका छन् भनेर उल्लेख गरिएको छ ।*

## शब्दकुञ्जी

मीमांसा, आन्वीक्षिकी, पुद्गल, तीर्थङ्कर, अद्वैत, चैतन्य, प्रमा ।

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

## ABSTRACT

*This article briefly introduces philosophy focusing on eastern philosophy specifically based on the ancient philosophies originated in Indian sub-continent or Himalayan region. It discusses the philosophies like Sankhya, Yog, Nyaya, Vaiseshik, Mimamsa and Vedanta that fall under six basic philosophies and three other philosophies like Charvak, Jain, and Bauddha which discard the existence of Veda. This essay briefly analyses metaphysics and epistemology, and discusses the metaphysics and epistemology of those nine different philosophies originated in the eastern landscape. Talking about metaphysics, this article has mentioned twenty-five Tatwa including Prakriti and Purush under Sankhya philosophy. Under Yog philosophy, there are twenty-six Tatwa, sixteen matters in Nyaya philosophy, seven matters in Vaiseshik philosophy, Panchakarma in Mimamsa philosophy, Bramhaism in Vedanta philosophy, materialism in Charvak philosophy, multi-physicalism (Bahutatwabad) in Jain philosophy and zeroism (Sunyabad) in Buddhist philosophy as discussed in the article. Regarding epistemology, there is discussion of the philosophy of good deed (Satkaryabad) in Sankhya philosophy, description of Chitta and eight folded yoga in Yog philosophy, discussion of Prama, Paramata, Praman and Prameya under Nyaya philosophy, atomism (Paramanubad) in Vaiseshik philosophy, Dharmaphal in Mimamsa philosophy, types of knowledge and ways of achieving salvation in Vedanta philosophy, description of physical world in Charvak philosophy, types of knowledge and their methods in Jain philosophy, and lastly, Karmabad, Anityabad, Anatmabad, Sunyabad, kshanikbad in Buddhist philosophy.*

## १. विषयपरिचय

दृश् धातुमा अन प्रत्यय लागेर दर्शन शब्दको निर्माण भएको हो। जसको अर्थ दृश्यते अनेन इति दर्शनम् अर्थात जसद्वारा देखिने काम हुन्छ त्यसैलाई दर्शन भनिन्छ। आचार्य कौटिल्यका शब्दमा आन्वीक्षिकी विद्या अर्थात प्रत्यक्षपश्चात प्राप्त हुने ज्ञानलाई अनुमान भनिन्छ भने यही अनुमान प्रमाणमा आधारित ज्ञान नै दर्शन हो। दर्शनलाई अङ्ग्रजीमा उजष्यिकयउजथ भनिन्छ, जुन शब्दको निर्माण एजष्यि र क्यउजष्ब शब्दको योगबाट भएको हो। यसको शाब्दिक अर्थ ज्ञानको प्रेम भन्ने हुन्छ। आजको सन्दर्भमा दर्शनशास्त्र विश्वका समस्याहरूलाई बुझ्ने एक मानवीय प्रयास हो (डा.राधाकृष्णन,सन् २००२ पृ.१८)। दर्शनले मनुष्यको मूल उत्पति र उसका समस्याहरूको, प्रकृति र ब्रह्माण्डको, ज्ञान,विचार,कला र धर्मका समस्याहरूको, चिन्तन र सत्ताका बीचको मूल सम्बन्धका समस्याहरूको, पदार्थ र मस्तिष्कका बीचको सम्बन्धका समस्याहरूको व्याख्या गर्दछ (दामोदरन,सन्२००१, पृ.८३)। त्यसर्थ दर्शन आफैमा गहन र वृहत विषय हो भन्ने स्पष्ट हुन्छ। विज्ञानले प्रत्यक्ष प्रमाणका आधारमा मात्र कुनै विषयको अध्ययन गर्ने तर दर्शनले प्रत्यक्ष प्रमाणका साथै अनुमान,शाब्दिक र उपमान प्रमाणका आधारमा समेत जीवनजगतका बारे अध्ययन विश्लेषणसहित निष्कर्ष दिने भएको हुनाले दर्शनको क्षेत्र व्यापक छ। यस्तो दर्शनको विकासमा पूर्वीय सभ्यताको विशिष्ट परम्परा र योगदान रहेको छ। भारतवर्षको पूर्वीय वा हिमाली सभ्यताअन्तर्गत वैदिककालदेखि नै चिन्तन परम्पराले विशिष्टता कायम गरेको पाइन्छ। यसक्रममा नै विभिन्न दर्शनहरूको विकास र विस्तार भएको हो। पूर्वीय सभ्यतामा जीव,जगत्,सत्ता,सृष्टि,ईश्वर,आत्मालगायतका बारे मौलिक दृष्टिकोणहरू प्रस्तुत गर्ने क्रममा देखापरेका षड्दर्शन(साङ्ख्य,योग,न्याय,वैशेषिक,मीमांसा र

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

वेदान्त)सहित चार्वाक,जैन र बौद्ध दर्शनलाई प्राचीनतम् दर्शनका रुपमा बुझ्ने गरिन्छ । विश्वदर्शनको क्षेत्रमा विशिष्ट रुपमा स्थापित यी नौवटा प्राचीन पूर्वीय दर्शनले तत्वमीमांसा र ज्ञानमीमांसाको क्षेत्रमा केकस्तो दृष्टिकोण राख्दछन् भन्ने विषयको विश्लेषणमा यो लेख केन्द्रित छ ।

## २. समस्या र उद्देश्य

विश्वदर्शनको क्षेत्रमा पूर्वीय प्राचीन दर्शनहरूको विशिष्ट स्थान छ । यी पूर्वीय प्राचीन दर्शनहरूमध्ये साङ्ख्य,योग,न्याय,वैशेषिक,मीमांसा र वेदान्तदर्शनले वेदको अस्तित्वलाई स्वीकार गरेका छन् भने चार्वाक,जैन र बौद्ध दर्शनले वेदको अस्तित्वलाई स्वीकार गरेका छैनन् । जीवनजगतका बारेमा बारेमा यी दर्शनहरूको आआफ्नै मौलिक दृष्टिकोण रहेको भेटिन्छ । यिनै सन्दर्भमा पूर्वीय प्राचीन दर्शनहरूले तत्त्वमीमांसा र ज्ञानमीमांसाको क्षेत्रमा केकस्तो दृष्टिकोण राख्दछन् ? भन्ने विषय नै यस लेखको समस्या हो ।

पूर्वीय प्राचीन दर्शनहरूमध्ये आस्तिक दर्शन अर्थात वेदको अस्तित्वलाई स्वीकार गर्ने साङ्ख्य,योग,न्याय,वैशेषिक,मीमांसा र वेदान्त दर्शन तथा नास्तिक अर्थात वेदको अस्तित्वलाई स्वीकार नगर्ने चार्वाक,जैन र बौद्ध दर्शनहरूले तत्वमीमांसा र ज्ञानमीमांसाको क्षेत्रमा केकस्तो दृष्टिकोण राख्दछन् भनेर सामान्य रुपमा विश्लेषण गर्नु नै यस लेखको उद्देश्य हो ।

## ३. अध्ययनको विधि

प्रस्तुत लेखका लागि आवश्यक पर्ने शास्त्रीय एवम् आधुनिक पुस्तकहरू पुस्तकालयकार्यका माध्यमले सङ्कलन गरिएको छ । यसक्रममा द्वितीयक स्रोतका सामाग्री नै प्रयुक्त भएका छन् । दर्शनशास्त्रका विषयमा लेखिएका विभिन्न पुस्तकका साथै पूर्वीय वाङ्मयसँग सम्बन्धित ग्रन्थ र लेखहरूलाई सामाग्रीका रुपमा उपयोग गरिएको छ । अध्ययनका क्रममा विद्युतीय माध्यम(अनलाइन) मा प्राप्त भएका स्रोत सामग्रीको समेत सहयोग लिइएको छ । लेखको प्रस्तुतीकरणका क्रममा मुख्यत वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । विभिन्न दर्शनहरूको परिचय दिने क्रममा वर्णनात्मक विधि र ती दर्शनहरूको तत्त्वमीमांसा र ज्ञानमीमांसाका बारे व्याख्या गर्ने क्रममा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । त्यसैगरी दर्शनहरू बीचको तुलना गर्ने क्रममा तुलनात्मक विधिको समेत प्रयोग भएको छ । छनोट गरिएका दर्शनहरूको विश्लेषण गर्दै तिनीहरूबाट तत्त्व वा अधिभूत र ज्ञान पहिचान गर्नका लागि तत्वमीमांसा सम्बन्धी सिद्धान्त र ज्ञानमीमांसा सम्बन्धी सिद्धान्तलाई अवलम्बन गरिएको छ ।

### ३.१ पूर्वीय दर्शन

'पूर्वीय दर्शन'भन्नाले संस्कृत वाङ्मयमा विकसित दर्शनपरम्परालाई बुझाउने दर्शन भन्ने बुझिन्छ । वेद, व्राम्हण, आख्यन, उपनिषद्, रामायण, महाभारत, सुत्रग्रन्थ, भाष्यग्रन्थ, पुराण, स्मृतिलगायतका वाङ्मयमा छरिएर वा समेटिएर रहेका जीवन–जगतसम्बन्धी सूक्ष्म चिन्तन नै पूर्वीय दर्शन हो । पूर्वीय दर्शनलाई मोहन वैद्यले हिमालीदर्शन भनेर चिनाएका छन् । "यस क्षेत्रमा विकसित दर्शनलाई पूर्वीय दर्शन भन्नु पनि ठीक हँुदैन । किनभने पूर्वीय दर्शनको क्षेत्र निकै फराकिलो छ । पूर्व भन्नाले पूर्वीय गोलाद्र्घलाई लिने गरिन्छ र त्यसअन्तर्गत चीन पनि आँउछ ।.... त्यसर्थ यस क्षेत्रमा विकसित दर्शनलाई हिमाली दर्शनका रुपमा ग्रहण गर्नु उपयुक्त हुन्छ"(वैद्य,२०७६,पृ.३) ।

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

तर सजिलो गरी पूर्वीय दर्शन भन्नाले संस्कृत सभ्यताअन्तर्गतका दर्शनहरूलाई बुझिने भएको हुनाले पूर्वीय दर्शन वा पौरस्त्य दर्शन शब्द नै बढी प्रचलित छ ।

प्राचीन पूर्वीय दर्शनमा वेदको अस्तित्वलाई लिएर दर्शनहरू विभाजित छन् । त्यसैगरी ईश्वरको अस्तित्वलाई स्वीकार गर्ने र स्वीकार नगर्ने दर्शनहरू पनि रहेका छन् । जसलाई आधार बनाएर निम्नानुसार वर्गीकरण गर्न सकिन्छः–

वेदलाई स्वीकार गर्ने वा नगर्ने आधारमा

| आस्तिक दर्शन(वेदलाई स्वीकार गर्ने) | नास्तिक दर्शन(वेदलाई स्वीकार नगर्ने) |
| --- | --- |
| साङ्ख्य दर्शन | चार्वाक दर्शन (लोकायतदर्शन) |
| योगदर्शन | जैन दर्शन |
| न्यायदर्शन | बौद्ध दर्शन |
| वैशेषिकदर्शन | |
| मीमांसादर्शन | |
| उत्तरमीमांसा (वेदान्त) दर्शन | |

ईश्वरको अस्तित्वलाई स्वीकार गर्ने वा नगर्ने आधारमा

| ईश्वरवादी दर्शन | अनीश्वरवादी दर्शन |
| --- | --- |
| योगदर्शन | चार्वाकदर्शन |
| न्यायदर्शन | जैनदर्शन |
| वैशेषिकदर्शन | बौद्धदर्शन |
| उत्तरमीमांसा(वेदान्त)दर्शन | साङ्ख्यदर्शन |
| | मीमांसादर्शन |

**तत्त्वमीमांसा (Metaphysics)**

तत्त्वमीमांसालाई तत्त्व विज्ञान,सत्तामीमांसा वा अधिभूतवाद पनि भनिन्छ । प्रकृतिदेखि पर के छ ? भन्ने कुराको खोजी नै तत्त्वमीमांसाको मुख्य उद्देश्य हो । तत्त्वमीमांसा अन्तर्गत दर्शनशास्त्रको मौलिक प्रश्नको पहिलो पक्ष अर्थात पदार्थ र चेतना, वस्तुगत र आत्मगत, प्रकृति र पुरुष, भौतिक जगत र परम् चेतना जस्ता विषयकाबारे विमर्श हुन्छ । “तत्त्वमीमांसालाई सत्तामीमांसा पनि भनिन्छ । तत्त्वमीमांसा अन्तर्गत दर्शनशास्त्रको मौलिकप्रश्नको पहिलो पक्ष अर्थात पदार्थ र चेतना, वस्तुगत र आत्मगत, प्रकृति र पुरुष, भौतिक जगत र परम चेतना जस्ता पहलुहरूमा कुन पहिलो भन्ने विषयबारे अध्ययन गरिन्छ”(वैद्य,२०७६,पृ.८७) । तर अधिकांश विद्वानहरूले तत्त्वमीमांसा अन्तर्गत मूलतः निम्नानुसारका विषयको अध्ययन हुन्छ हुने कुरा उल्लेख गरेका छन्:

क) ईश्वरसम्बन्धी तत्वज्ञान (Theology)

ख) आत्मासम्बन्धी तत्वज्ञान (Metaphysics of Soul)

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

ग) सृष्टि/जगतको रचना/विश्वशास्त्र (Cosmology)

घ) सत्ताशास्त्र (Ontology)

**ज्ञानमीमांसा (Epistemology)**

ज्ञानको विज्ञानलाई 'ज्ञानमीमांसा' भनिन्छ । ज्ञानमीमांसाले ज्ञानको प्रकृति, स्रोत र सीमाको पहिचानका बारे व्याख्या गर्दछ । त्यसकारण यसले ज्ञानलाई प्राथमिकता दिन्छ । यसले विचार, पद्धति र ज्ञानको खोजीलाई प्राथमिकता दिन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छः–

ज्ञानको प्रकृति:- जन्मजात कि अनुभवजन्य ।

ज्ञानको स्रोत :– विचार कि अनुभव ।

ज्ञानको सीमा :– समय, स्थान, इतिहास, भूगोल आदि ।

ज्ञानमीमांसाअन्तर्गत ज्ञानको प्रकार, स्वरुप, लक्ष्य, उत्पत्ति, विकास, प्रामाणिकता, सत्यता, सीमा, ज्ञाता र ज्ञेयको सम्बन्धलगायतका बारेमा समेत अध्ययन हुन्छ । ज्ञानमीमांसाबारे तलको भनाइबाट थप स्पष्ट हुन सकिन्छ:

ज्ञानमीमांसा ज्ञान सिद्धान्तमा आधारित हुन्छ । यसलाई संज्ञानको सिद्धान्त पनि भनिन्छ । ज्ञान सिद्धान्तको अध्ययन गर्दा सर्वप्रथम प्रमाता, प्रमेय, प्रमाण र प्रमा जस्ता पदहरूमाथि ध्यान दिनु जरुरी छ । प्रमाण विवेचना ज्ञान सिद्धान्तको एउटा मूल विषय हो । के संसारलाई जान्न र बुझ्न सकिन्छ ? ज्ञानको स्रोत, सीमा र कसौटी के हुन् ? यी प्रश्न ज्ञानमीमांसासित सम्बन्धित छन् । ज्ञानमीमांसा अज्ञेयवाद र ज्ञेयवाद, आदर्शवाद र भौतिकवाद तथा अधिभूतवाद र द्वन्द्ववादको अध्ययनमा आधारित छ । (वैद्य,२०७६,पृ.१०१)

पूर्वीय दार्शनिक दृष्टिकोणका आधारमा ज्ञानसिद्धान्तका बारे व्याख्या गर्न चतुष्टय पद अर्थात प्रमाता, प्रमेय, प्रमाण र प्रमाकाबारे चर्चा गर्नु आवश्यक हुन्छ । यिनै तत्वहरूका आधारमा ज्ञान सिद्धान्तका बारे चर्चा भएको पाइन्छ ।

**प्रमाता :–** प्रमाता भनेको ज्ञाता हो । ज्ञान प्राप्त गर्ने चाहने कुनै पनि व्यक्तिलाई प्रमाता भनिन्छ । प्रमाता भनेको त्यो हो जसले प्रमेयबारे ज्ञान प्राप्त गर्न चाहन्छ । समस्त वस्तुगत तथा आत्मगत जगत्बारे जानकारी प्राप्त गर्न चाहने वा गर्ने व्यक्तिलाई प्रमाता भनिन्छ ।

**प्रमेयः–** प्रमेय भनेको जसलाई प्रमाणित गरिन्छ वा जसलाई जानिन्छ त्यही हो । प्रमेयलाई समग्र भौतिक र आत्मिक जगत्का रुपमा लिने गरिन्छ । प्रमेयलाई पदार्थ तत्व आदि पनि भनिन्छ । दर्शनको तत्वमीमांसा प्रमेयसित सम्बन्धित हुन्छ ।

**प्रमाणः–** यथार्थ ज्ञान प्राप्त गराउने साधनलाई प्रमाण भनिन्छ । अर्को शब्दमा भन्दा प्रमाप्राप्तिको साधन नै प्रमाण हो ।

**प्रमाः–** प्रमा अथवा प्रमिति भनेको प्रमेयको ज्ञान हो । त्यसकारण ज्ञानलाई नै प्रमा भन्न सकिन्छ ।

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

## ३.२ साङ्ख्यदर्शन

## परिचय

साङ्ख्य दर्शनलाई पूर्वीय दर्शनहरूमध्येको सबैभन्दा पुरानो दर्शन मानिन्छ। तन्त्र विद्यासँग जोडिएकाले यस दर्शनलाई तन्त्रदर्शन पनि भनिएको पाइन्छ। यस दर्शनलाई पछिल्लो समयमा थप परिष्कृत र विकसित बनाउने काम नेपालकै कपिलवस्तुमा जन्मिएका कपिलमुनि (इ.पू. छैठौं शताव्दी) ले गरेका हुनाले उनलाई यस दर्शनका प्रवर्तक भनिन्छ। कपिलमुनिको साङ्ख्यसूत्र अप्राप्य रहेकाले ईश्वर कृष्णले लेखेको साङ्ख्यकारिका र त्यसपछि लेखिएका सन्दर्भ ग्रन्थहरूका अधारमा यस दर्शनका बारे अध्ययन गर्नुपर्ने हुन्छ। साङ्ख्यको अर्थ सम्यक ज्ञान हुने भएपनि कतिपयले तत्वको पच्चीस सङ्ख्याका आधारमा साङ्ख्य नाम रहनगएको तर्क पनि दिएका छन्। यो दर्शनलाई मूलतः संसारमा देखिएका सबै कुराको सृष्टि ईश्वरले गरेको होइन, सृष्टि प्रकृति र पुरुषमा आधारित छ, वेदलाई प्रमाणका रुपमा स्वीकार गर्ने, प्रकृति(जड,सक्रिय,त्रिगुणमय र विकारी) र पुरुष (चैतन्य, निष्क्रय, त्रिगुणातीत, निर्गुण र विकार) लाई महत्व दिने लगायतका विचारका आधारमा बुझ्न सकिन्छ। यस दर्शनको मूल सिद्धान्तका रुपमा सत्कार्यवाद रहेको छ। यस दर्शनकाबारे थप प्रष्ट यसरी हुन सकिन्छः


भौतिकवादका प्रशस्त लक्षणहरू भएर पनि भौतिकवादी बन्न नसकेको र द्वन्द्ववादका प्रचुर आधार भइकन पनि द्वन्द्ववादवादी हुन नपाएको दर्शनका रुपमा कपिलको साङ्ख्य देखापर्छ। यसको समय अनिर्णित भएपनि यो षड्दर्शनक नामले चिनिदै आएका दर्शनहरूमध्ये सबैभन्दा जेठो हो र यो महाभारतयुद्धभन्दा अघिको भएको देखाउने प्रमाणहरू छन्। उनी नेपालभूमि कपिवस्तुका हुन् भन्ने कुरामा शङ्का छैन भन्दा हुन्छ (आचार्य,२०७६,पृ.१४६)।

### तत्वमीमांसा

**सत्वरजस्तमसां साभ्यावस्थाप्रकृतिप्रकृर्तेमहान् महतोड्हङ्कारात् पञ्च**
**तन्मात्राण्युभयमिन्द्रियं तत्मात्रेभ्यः स्थुलभूतानिपुरुषइति (साङ्ख्यासुत्र, १÷६१)**

साङ्ख्यसूत्रको यस अभिव्यब्क्तिका आधारमा साङ्ख्यदर्शनले उल्लेख गरेका तत्वका बारे स्पष्ट हुन सकिन्छ। जसलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छः

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)




यसरी साङ्ख्य दर्शनले पच्चीस तत्वकाबारे उल्लेख गरेको छ। जसमध्ये प्रकृति र पुरुष महत्वपूर्ण छन् । पुरुषतत्वलाई विलक्षण, चेतन र विकार तत्वका रुपमा उल्लेख गरिएको छ भने प्रकृतिलाई त्रिगुणी, अचेतन र विकारी तत्वका रुपमा उल्लेख गरिएको छ। प्रकृतिबाट अन्य तेइसवटा तत्व उत्पन्न भएका छन्। यस दर्शनले सृष्टिको मूल कारण ब्रह्म वा ईश्वरलाई नमानी पुरुष र प्रकृतिलाई मानेको छ। प्रकृति कै विकृतिका रुपमा सृष्टिलाई लिइएको छ।

**ज्ञानमीमांसा**

साङ्ख्य दर्शनमा पच्चीस तत्वका बारे विशेष चर्चा गर्दै कार्यकारण सम्बन्धका बारे विश्लेषण गरिएको छ। 'हरेक कार्य उत्पति हुनुपूर्व आप्mनो कारणमा निहित हुन्छ' भन्ने सत्कार्यवाद यस दर्शनको मुख्य ज्ञानमीमांसाका रुपमा रहेको छ। 'प्रकृति' र 'विकृति'कार्य हो भनी उल्लेख गरिएको छ। कार्य सधै सत्य हुन्छ तर कारणभन्दा पहिले अव्यक्त रुपमा रहन्छ। कार्यलाई व्यक्त रुपमा प्रस्तुत गर्न कारणको आवश्यकता पर्ने कुरा उल्लेख छ।

## ३.३ योगदर्शन

### परिचय

योगदर्शनको साङ्ख्य दर्शनसँग विचारका दृष्टिकोणले नजिकको सम्बन्ध छ। यस दर्शनका प्रर्वतकका रुपमा पतञ्जली (इ.पू.२००,काशी) लाई लिइन्छ । उनले पातञ्जल नामक ग्रन्थमार्फत यस दर्शनको प्रतिपादन गरेको ठानिन्छ । यस ग्रन्थमा समाधिपाद (५१सूत्र), साधनपाद (५५सूत्र), विभूतिपाद (५५सूत्र) र कैवल्यपाद (३४सूत्र) गरी जम्मा चार पादमा समाविष्ट १९५ सूत्रमा मुख्य विषय समेटिएको छ। योगश्चित्तवृति निरोध ( योगसूत्र, १।२) नै

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

यस दर्शनको मुख्य उक्ति हो । जसको अर्थ योग चित्त वृतिको निरोधक हो । यहाँ चित्त भन्नाले मन, वुद्धि र अहङ्कारको समुच्च रुप हो भने इन्द्रियासन्निकर्षद्वारा चित्तको विषयको आकार ग्रहण गर्नुलाई चित्तवृति भनिएको हो । यस दर्शनमा चित्तका पञ्चवृति, पञ्चभूमि र पञ्चक्लेशका साथै अष्टाङ्ग योग (यम, नियम, आसन, प्रणायम, प्रत्याहार, धारणा, ध्यान र समाधि) का बारे चर्चा गरिएको छ । यस दर्शनका बारे निम्न भनाइबाट अझ स्पष्ट हुन सकिन्छः

योगदर्शन भनेको योगाभ्यासद्वारा नियन्त्रण गरी मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने चिन्तन हो र योग नै मोक्ष मार्ग हो भन्ने दर्शन हो । यस दर्शनको पनि मौलिक रुप र पछिको रुपमा भिन्नता छ । मौलिक योग दर्शनमा चित्त वा मनका क्रियाकलापको नियन्त्रण गर्नुलाई योग भनिन्थ्यो भने पछि आएर योग भनेको मन र ईश्वरका बीच संयोग गराउने साधन वा आत्म ज्ञानको साधन अर्थात ब्रह्मज्ञान प्राप्त गरी "म नै ब्रह्म हुँ"भन्ने निष्कर्षमा पुगेर सांसारिक बन्धनबाट मुक्त हुने माध्यम भन्न थालियो (भुसाल, २०६८, पृ.८१) ।

**तत्त्वमीमांसा**

योगदर्शनको तत्त्वमीमांसा सम्बन्धी धारणा धेरै हदसम्म साङ्ख्य दर्शनसँग मिल्दछ । साङ्ख्य दर्शनले नै मानेको पच्चीस तत्त्वमा ईश्वर तत्त्व थप गरेर छब्बीस तत्त्वका बारे योग दर्शनमा वर्णन भएको पाइन्छ । योगले ईश्वरलाई स्थान दिने भएकाले यसलाई सेश्वर साङ्ख्य पनि भनिएको पाइन्छ । साङ्ख्य दर्शनले 'ईश्वर (प्रणिधानाद्व)' (योगसूत्रः १÷२३) अर्थात ईश्वर चेतनाको परम नियम हो भन्ने कुरा स्पष्ट पारेको छ । यस दर्शनमा प्रकृति, महत्, अहङ्कार, पञ्च ज्ञानेन्द्रिय (आँखा, नाक, कान, जिब्रो र छाला), पञ्चकर्मेन्द्रिय (बोली, हात, खुट्टा, उपस्थ (गुदा) र वायु (ज्ञानेन्द्रिय), पञ्चतन्मात्रा (शब्द, स्पर्श, रुप, रस र गन्ध), पञ्चमहाभूत (आकाश, वायु, अग्नी, जल र पृथ्वी), मन, ईश्वर र पुरुष गरी छब्बीस तत्त्वका बारे उल्लेख गरिएको छ ।

**ज्ञानमीमांसा**

योगदर्शनमा 'योग चित्तवृत्तिको निरोधक हो ।' भन्ने सन्दर्भमा चित्तवृत्तिको विशेष चर्चा गर्दै इन्द्रियासन्निकर्षद्वारा चित्तको विषयको आकार ग्रहण गर्ने चित्तवृत्तिलाई निरोध गर्न वा नियन्त्रणमा लिन योगको महत्वपूर्ण भूमिका हुन्छ भनिएको छ । यसक्रममा चित्त (मनंबुद्धिंअहङ्कार) का साथै चित्तका वृत्तिहरू, चित्तका भूमी, चित्तका पञ्च क्लेशक लगायतका बारे चर्चा गरिएको छ । त्यस्तै यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि गरी अष्टाङ्ग योगका बारे व्याख्या गर्दै समाधिअन्तर्गत सम्प्रज्ञान समाधि र असम्प्रज्ञान समाधिका बारे चर्चा गर्ने क्रममा ज्ञानमीमांसाको उल्लेख भएको छ ।

## ३.४ न्यायदर्शन

### परिचय

न्यायदर्शनका प्रर्वतक अक्षपाद गौतम हुन् । उनलाई मिथिलानिवासी र गौतम बुद्ध कै समयको आसपासका आचार्य मानिन्छ । यस दर्शनको प्रतिपादन गर्ने क्रममा लेखिएको पुस्तक न्यायसूत्र हो । यसमा मूलतः प्रमाणका माध्यमले विषय सिद्ध गरिने भएको हुनाले यसलाई प्रमाणशास्त्र पनि भनिन्छ । यस दर्शनमा जसका माध्यमले मस्तिष्क कुनै निष्कर्षमा पुग्दछ त्यसलाई नै न्याय भनिएको छ । न्यायसूत्रमा पाँचवटा अध्यायभित्र पाँचसय अठ्ठाइस सूत्रका माध्यमले विषय प्रस्तुत गरिएको छ । आचार्य वात्स्यायनले न्यायदर्शनलाई परिभाषित गर्ने क्रममा प्रमाणैरर्थ

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

परीक्षणं न्यायः(गौतमन्यायसूत्रम्ः १।१।१) भनी उल्लेख गरेका छन् । जसको अर्थ प्रमाणहरूद्वारा अर्थको परीक्षण गर्नु नै न्याय हो । न्यायदर्शन पनि गौतमले प्रतिपादन गरेको प्राचीनन्याय (तर्कशास्त्र) र गंगेशले प्रतिपादन गरेको नव्यन्याय (तत्वमाआधारित) गरी दुई प्रकारको छ । यस दर्शनकाबारे निम्न तथ्यबाट अझ स्पष्ट हुन सकिन्छः

प्राचीन दक्षिण एसियाली दर्शनमा तर्कशास्त्र, प्रमाणशास्त्र, आन्विक्षिकी, हेतुविध्या आदि नाम दिइएको न्यायदर्शन वास्तवमा यथार्थवादी दर्शन हो । किनभने पदार्थको सम्यक् ज्ञानबाट मोक्ष प्राप्त हुन्छ भन्ने सिद्धान्त नै यस दर्शनको मूल सिद्धान्त हो । यस दर्शनले वस्तु स्वयम् के हो भन्ने बारेमा नभई वस्तुको बारेमा ज्ञान कसरी हासिल गर्ने भन्ने बारेमा रुचि राख्दछ । (भुसाल,२०६८,पृ.१०१)


**तत्त्वमीमांसा**

न्यायदर्शनलाई पदार्थवादी दर्शन मानिन्छ । यस दर्शनले तर्क र प्रमाणलाई महत्व दिने भएकाले यसलाई तर्कशास्त्र वा प्रमाणशास्त्र पनि भनिएको पाइन्छ । यस दर्शनले प्रमाण, प्रमेय, संशय, प्रयोजन, अवयव, दृष्टान्त, सिद्धान्त, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति र निगृहस्थान गरेर सोह्र पदार्थलाई तत्वका रुपमा स्वीकार गरेको छ ।

**प्रमाणप्रमेयसंशयप्रयोजनदृष्टान्तसिद्धान्तावयवतर्कनिर्णयवादजल्पवितण्डाहेत्वाभाषछलजाति निग्रस्थाना तत्वज्ञानान्निश्रेयसाधिगमः(न्यायसूत्रः १।१।१) ।**

**ज्ञानमीमांसा**

न्यायदर्शनमा ज्ञानमीमांसाका बारे विस्तृत रुपमा चर्चा गरिएको पाइन्छ । जसलाई निम्नानुसारको आरेखमा देखाउन सकिन्छ:



*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

यसक्रममा प्रमाणका बारेमा चर्चा गर्ने क्रममा प्रत्यक्ष प्रमाण, अनुमान प्रमाण, शब्द प्रमाण र उपमान प्रमाण चार प्रकारका प्रमाणहरू बारे व्याख्या गरिएको छ ।

## ३.५ वैशेषिकदर्शन

### परिचय

वैशेषिकदर्शनका प्रर्वतक महर्षि कणाद(इ.पू.३००) लाई मानिन्छ । उनलाई उल्लूक, कणभुक, कश्यप लगायतका नामले पनि चिनिन्छ । यो दर्शन कणादरचित वैशेषिक सूत्र मा आधारित छ । यो ग्रन्थ दश अध्यायमा विभाजित छ । यसलाई आस्तिक र ईश्वरवादी दर्शनका रुपमा लिइन्छ । यस दर्शनले संसारको निर्माण अणुहरूबाट हुने कुरा बताएकाले यसलाई परमाणुवाद पनि भनिन्छ । धर्मका ज्ञानद्वारा मोक्षको लक्ष्य राख्ने यो दर्शन न्यायदर्शनको नजिक रहेको छ । यस दर्शनका बारे निम्न भनाइबाट थप स्पष्ट हुन सकिन्छः

वैशैषिक दर्शन पदार्थको सच्चा स्वरुप र गुणहरूको ज्ञानद्वारा संसारलाई बुझ्न खोज्ने तथा पदार्थको सच्चा ज्ञानबाट नै मोक्ष प्राप्त हुन्छ भन्ने दर्शन हो । विशेष नामको पदार्थलाई समेत मान्ने हुँदा यसको नाम वैशेषिक रहन गएको भनिन्छ । यस दर्शनको प्रतिपादन महर्षि कणादले गरेका थिए । उनको समय निश्चत छैन । उनले लेखेको वैशेषिक सूत्र गौतमको न्यायसूत्र भन्दा कम व्यवस्थित रहेकाले यो ग्रन्थ न्यायसूत्रभन्दा पहिलेको हुनुपर्छ भन्ने तर्क धेरैको छ । (भुसाल,२०६८,पृ.९३)

**तत्त्वमीमांसा**

वैशेषिकदर्शन न्यायदर्शनको धेरै नजिक रहेको छ । यस दर्शनलाई परमाणुवादी वा पदार्थवादी दर्शन पनि भनिन्छ । चार किसिमका पार्थिव, जलीय, तैजस र वायवीय परमाणुबाट वा यिनको संयोगबाट सृष्टि रचना हुने, यिनको वियोगबाट सृष्टि विघटन हुने हुँदा यिनै मूलतत्व हुन् भन्ने दृष्टिकोण वैशेषिकदर्शनमा पाइन्छ । यस दर्शनले परमाणुलाई उपादान कारण माने पनि निमित्त कारणमा अदृष्ट तत्त्व 'अदृष्टाच्य' (वैशेषिक सूत्र, ६÷१२) मानेर कुनै नियामक परम सत्ता भएतर्फ सङ्केत गरेको छ । यस दर्शनले द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समान्वय र अभाव गरी सात पदार्थका रूपमा चर्चा गरेको छ । यसै दर्शनमा परमाणुवादको समेत स्थापना भएको छ । सूक्ष्मदेखि सूक्ष्मतम् हुने र तोड्न नसकिने तत्त्वलाई परमाणु भनेर चिनाइएको छ । परिमाणका दृष्टिले परमाणुलाई परम् अणु र परम् महत् भनेर छुट्याइएको छ । आकाश, काल, दिक्, मन र आत्मालाई एक किसिमको परमाणु र पृथ्वी, जल, तेज र वायुलाई अर्को किसिमको परमाणुका रुपमा अध्ययन गरिएको छ ।

**ज्ञानमीमांसा**

वैशेषिकदर्शनमा प्रत्यक्ष र अनुमानलाई मात्र प्रमाण वा ज्ञानको कारण मानिएको छ । न्यायदर्शनको नजिक रहेको यस दर्शनमा पदार्थ वातत्वका बारेमा बढी चर्चा गरिएको छ भने न्यायदर्शनमा ज्ञानमीमांसाका बारे बढी चर्चा गरिएको छ । त्यसकारण न्यायदर्शनमा उल्लेख भएका ज्ञानमीमांसा सम्बन्धी धारणाहरू यस दर्शनका पनि धारणा बनेर रहेका छन् । यस दर्शनले पञ्चमहाभूतमय संसारलाई नै ज्ञानको स्रोत मानेको छ ।

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

## ३.६ मीमांसादर्शन

### परिचय

मीमांसादर्शनलाई पूर्वमीमांसा पनि भनिएको पाइन्छ । यस दर्शनका प्रणेता आचार्य जैमिनी हुन् । उनको समय इ.पू.२०० देखि इस्वीको २०० को बीचमा हुनुपर्छ भनी अनुमान गरिएको छ । यस दर्शनसँग सम्बन्धित जैमिनीरचित ग्रन्थ जैमिनी सूत्र वा मीमांसा सूत्र हो । मीमांसा दर्शन मूलतःउपनिषदको पूर्वभागसँग सम्बन्धित छ । यो दर्शन कर्मकाण्डको कार्यमीमांसा र धर्ममीमांमा आधारित छ । मीमांसाको शाब्दिक अर्थ विचार गर्नु वा सकारात्मक ढङ्गले चिन्तन गर्नु भन्ने बुझिन्छ । यो दर्शन यसै जीवनलाई कसरी सुन्दर र खुसी बनाउन सकिन्छ भन्ने कुरामा केन्द्रित छ । कुमारिल भट्टले मोक्ष सिद्धान्तसँग पनि जोडेको यो दर्शन निष्कामकर्मको सिद्धान्तसँग सम्बन्धित छ । यस दर्शनका बारे निम्न भनाइबाट थप स्पष्ट हुन सकिन्छः

मीमांसादर्शन प्राचीन एसियाली दर्शनभित्रको वस्तुगत भाववादी दर्शन हो । यसको मूल रुपलाई निरीश्वरवादी कर्मवाद भन्न सकिन्छ । मीमांसाको सामान्य अर्थ विवेचना हो भने दार्शनिक अर्थ अनुमान एवम् तर्कवितर्कद्वारा कुनै विषयको मूलतत्व वा वास्तविकता पत्ता लगाउनु, निष्कर्ष निकाल्नु र विवादको समाधान गर्नु भन्ने हो । मीमांसाका दुई भाग छन् । पूर्व मीमांसा र उत्तर मीमांसा । व्यवहारमा पूर्व मीमांसालाई मीमांसादर्शन र उत्तर मीमांसालाई वेदान्तदर्शन भनिन्छ । (भुसाल,२०६८,पृ.१५७)

### तत्त्वमीमांसा

मीमांसादर्शनले मूलतःकर्ममा जोड दिएको छ । यस दर्शनले संसारको सृष्टि, स्थिति र संहार गर्ने कार्यमा ईश्वरको भूमिका देख्दैन । दुःखशून्य र सुख मात्र भएको अवस्थालाई स्वर्ग मान्दै यस दर्शनले जीवनको परम लक्ष्य स्वर्ग प्राप्ति हो भन्ने मान्दछ । स्वर्ग प्राप्तिका लागि वैदिक कर्मकाण्ड अर्थात धर्म अनुकूल हुनेगरी वेदमा उल्लेख भएका कर्म गर्नुपर्छ भन्दै कर्मवादको स्थापना गरेको छ । यस्तो कर्म ईश्वर सन्तुष्टिका लागि नभई आत्मशुद्धिका लागि र आत्म साक्षात्कारका लागि आवश्यक भएको उल्लेख छ । निष्कामकर्ममा जोड दिने यस दर्शनमा नित्यकर्म, नैमित्तिक कर्म, काम्यकर्म, निषिद्ध कर्म र प्रायश्चितकर्म गरी पञ्चकर्मका बारे उल्लेख गरिएको छ ।

### ज्ञानमीमांसा

यस दर्शनले ज्ञानको कारण वा प्रमाणका रुपमा प्रत्यक्ष, अनुमान र शब्दलाई मानेको छ । वेदको वचनलाई महत्व दिने यस दर्शनले शब्द प्रमाणलाई प्राथमिक स्थानमा राख्दछ । यो दर्शन कर्मफल सिद्धान्त वा कर्मवादमा आधारित छ । यस दर्शनका अनुसार वेदका विधि, मन्त्र, नामधेय, निषेध र अर्थवाद गरी पाँचवटा भेद छन् ।

## ३.७ वेदान्तदर्शन

### परिचय

षड्दर्शनमध्ये पछिल्लो दर्शनका रुपमा वेदान्तदर्शन रहेको छ । यस दर्शनका प्रणेता महर्षि वादरायण व्यास (इ.पू.२००) हुन् । यस दर्शनसँग सम्बन्धित आदिग्रन्थ ब्रह्मसूत्र हो । हाल आदिग्रन्थ अप्राप्य रहेकाले यस

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

दर्शनकाबारे प्रायः आदिगुरु शङ्कराचार्यद्वारा लेखिएको भाष्यग्रन्थ अद्वैत वेदान्तका आधारमा चर्चा गरिन्छ। वेद र अन्त अर्थात वेदको सार वा वेदको ज्ञानका रुपमा यस दर्शनलाई अथ्र्याइएको छ। मोक्ष सम्बन्धी ज्ञानको अध्ययन गरिने शास्त्र नै वेदान्तदर्शन हो । ब्रह्मलाई एकमात्र सत्य मान्दै जगतलाई मिथ्या ठान्ने यस दर्शनले भौतिकवादी धारणाको विरोधमा आफ्नो दृष्टिकोण प्रस्तुत गरेको छ । यस दर्शनका बारे तलको भनाइबाट अझ स्पष्ट हुन सकिन्छः

वेदान्तदर्शन प्राचीन दक्षिण एसियाली दार्शनिक प्रणाली अन्तर्गतको एक मनोगत भाववादी दर्शन हो । वेदान्तशब्दको सामान्य अर्थ वेदको अन्त वा वेदको अन्तिम भाग भन्ने हो। वेदान्तदर्शन वैदिक साहित्यका अन्तिम रचनाका रुपमा रहेको छ र वेदको समापन खण्ड एवम् निचोड मानिने उपनिषद्हरूमा पूर्ण रुपले आधारित छ। वैदिक साहित्यको अन्तिम रचनाका रुपमा रहेका उपनिषद्हरूमा आधारित भएको हुनाले नै यस दर्शनको नाम वेदान्त रहन गएको हो। ब्रह्मको सत्तामा विश्वास गर्ने भएकाले वेदान्तदर्शनलाई ब्रह्मवाद पनि भनिन्छ। वेदान्तदर्शन पछिल्ला वैदिक साहित्यको विवेचना भएकोले यसलाई उत्तरमीमांसा समेत भनिन्छ। ज्ञानमा जोड दिने भएकाले यस दर्शनलाई ज्ञानकाण्ड पनि भनिन्छ। (भुसाल,२०६८,पृ.१२३)

**तत्त्वमीमांसा**

वेदान्तदर्शन र मीमांसा दर्शनका बीच कतिपय कुरामा समानता भएपनि ईश्वरका सन्दर्भमा फरक दृष्टिकोण रहेको छ। वेदान्तदर्शनमा व्रह्मलाई महत्वपूर्ण स्थान दिइएको छ। 'व्रम्ह सत्यं जगन्मिथ्या'भन्ने प्रसिद्ध वचनमार्फत नै वेदान्तदर्शनले अँगालेको तत्वका बारे स्पष्ट हुन सकिन्छ । यस दर्शनले ज्ञानलाई महत्व दिनका साथै व्रह्मलाई सर्वसत्ताधिकारी ठान्दछ। व्रह्म एक मात्र सत्य भएको, जगतरुपी मायाजालबाट ज्ञानका माध्यमले उम्किएपछि मात्र मोक्षप्राप्ति हुने, भौतिक संसारको भ्रम वा मायामा फसिरहँदा मोक्षप्राप्ति हुन नसकी पुर्नजीवन हुने जस्ता तत्व वेदान्तदर्शनमा पाइन्छ। व्रह्म र जीव सम्बन्धी दुई तत्वलाई अस्वीकार गर्दै व्रह्मलाई मात्र स्वीकार गर्ने भएकाले यो दर्शनलाई अद्वैतवादी दर्शन मानिन्छ। यस दर्शनले बह्म, ईश्वर, जीव, पञ्चमहाभूत, पञ्चतन्मात्रा, पञ्च ज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय र मन गरेर चौबीस प्रकारका तत्वलाई स्वीकार गरेपनि ब्रह्मलाई अन्तिम सत्य मानेको छ।

**ज्ञानमीमांसा**

वेदान्तदर्शनको ज्ञानसिद्धान्त आदर्शवादी रहेको छ । यसले ज्ञानको स्रोतका रुपमा पञ्चमहाभूतमय संसारलाई मान्दैन । यसले मुख्यतः शब्द प्रमाणका रुपमा वेदलाई मान्दछ । यस दर्शनको ज्ञानसिद्धान्तलाई निम्नानुसार देखाउन सकिन्छः–

*ज्ञान* → लौकिक ज्ञान (अपरा ज्ञान)
*ज्ञान* → आध्यात्मिक ज्ञान (परा ज्ञान*)*

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

**ज्ञानको विधि** →
- श्रवाण
- मनन
- निदिध्यासन (निर्णय)
- प्रश्नोत्तर

**मोक्षप्राप्तिका चतुष्टय साधनः–**

क) विवेक ख) वैराग्य ग) सम्बन्ध घ) मुमुक्ष्यतत्त्व (मोक्षप्राप्तिको इच्छा)

## ३.८ चार्वाक (लोकायत) दर्शन

### परिचय

चार्वाकदर्शनलाई लोकायत दर्शन पनि भनिन्छ । यस दर्शनका प्रणेता र समयका बारे ठोस तथ्य नभेटिए पनि धेरैजसोले ऋग्वेदका वृहस्पतिलाई नै चार्वाक दर्शनका प्रणेता मान्दछन् । लोकमा व्यापक रुपमा फैलिएको भन्ने सन्दर्भमा लोकायत र चारु वाक् अर्थात् मीठो बोली भन्ने सन्दर्भमा चार्वाक शब्दको प्रयोग भएको हो । यस दर्शनका बारे कुनै मूलग्रन्थ, भाष्यग्रन्थ वा मौलिक कृति पाइँदैनन् । कतिपय दार्शनिकहरूले पूर्वपक्षको खण्डन गर्ने प्रक्रियामा यस मतबारे उल्लेख गरेको पाइनुका साथै रामायण, महाभारत, बौद्ध जैन दर्शन लगायत कौटिल्यको अर्थशास्त्रमा उल्लेख भएको आधारमा नै यस दर्शनका बारे जानकारी लिनु पर्दछ । यस दर्शनको मुख्यकथनका रुपमा यो श्लोक निकै प्रचलित छः

**यापत् जीवेत् सुखं जीवेत् नास्ति मृत्युरगोचर ।**
**भस्मीभूतस्य देहस्यपुनरागमनं कुतः ॥१॥**

अर्थात, सकभर सुखपूर्वक बाँच । कहिले मरिन्छ, त्यसको पनि अत्तोपत्तो छैन । डढेर खरानी बन्ने शरीर फेरि फर्केर आउला र ?

### तत्त्वमीमांसा

चार्वाक दर्शनले भूतयचतुष्टय अर्थात पृथ्वी, जल, तेज र वायुलाई परमार्थ सत्य ठान्छ । यसमा चेतनतत्वलाई परतन्त्र एवम् आकस्मिक तत्व मानिएको छ । सुपारी, पानको पात, कत्था, चुना आदिको संयोगले रातो रङ उत्पन्न भएझैँ वा चामल, पानी, मर्चा आदिको संयोगले मादकता उत्पन्न गरे झैँ भौतिकतत्वको योगबाट चेतना उत्पन्न हुन्छ भन्ने चार्वाकको चिन्तनलाई भौतिकवादी तत्वमीमांसा मानिन्छ । यो ऐन्द्रियप्रत्यक्ष र चार महाभूतभन्दा पर जान चाहँदैन । चार्वाक दर्शन विशुद्ध भौतिकवादी दर्शन हो जसमा प्रत्ययवादको कुनै स्थान छैन ।

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

**ज्ञानमीमांसा**

चार्वाक दर्शनको ज्ञानसिद्धान्त भौतिकवादी रहेको छ । यसले ज्ञानको स्रोतका रुपमा पृथ्वी, जल, तेज, वायुजस्ता भौतिकतत्वलाई लिने गर्दछ । यो दर्शन प्रत्यक्ष प्रमाणको पक्षमा र अनुमान प्रमाणको विपक्षमा रहेको जनाइएपनि यस दर्शनले अनुमान प्रमाणका आधारमा अलौकिक संसारलाई पुष्टि गर्ने प्रयासको भने विरोध गरको छ । तर अनुमान प्रमाणलाई पूर्णतः अस्वीकार गरको छैन । यस दर्शनले ‘‘सबै वस्तु चार तत्त्व (पृथ्वी, जल, अग्नि, वायु) बाट बनेका छन्, चेतना पदार्थको उपज हो, ईश्वर छैन, आत्मा स्वतन्त्र छैन, पूर्वजन्म र पुनर्जन्म हुँदैन, कर्मफल पाइँदैन, श्राद्ध गर्नु पर्दैन, प्रत्यक्ष अनुभवमात्र ज्ञानको माध्यम हो’’ (भुसाल,२०६८,पृ.८९–९२) लगायतका ज्ञान प्रस्तुत गरेको छ ।


## ३.९ जैनदर्शन

### परिचय

आफ्ना इन्द्रियहरूलाई जित्ने भन्ने अर्थमा जिन् धातुबाट जैन शब्दको निर्माण भएको पाइन्छ । जैन शब्दले आध्यात्मिक विजेता वा इन्द्रियविजेतालाई बुझाउँछ । जैन दर्शनको सुरुवात र प्रर्वतन चौबीस तीर्थङ्करबाट भएको मानिन्छ । यसक्रममा इ.पू. आठौं शताब्दीका पहिलो तीर्थङ्कर पाश्र्वनाथ हुँदै तेइसौं तीर्थङ्कर ऋषभदेव र अन्तिम वा चौबिसौं तीर्थङ्कर माहावीर स्वामीसम्म आइपुग्दा यो दर्शन विकसित हुन पुगेको छ । यस दर्शनलाई कैबल्य, जिन्, अर्हत जस्ता नामले पनि चिन्ने गरिन्छ । यो संसारमा सम्पूर्ण जीव दुःख वा सांसारिक कष्टमा फसेको छ । त्यसकारण हरेक जीव सांसारिक दुःखमा नअल्झी तीर्थङ्करहरूको सहयोगमा कैवल्यतर्फ अगाडि बढ्नुपर्छ भन्ने मूल विचारसँग सम्बन्धित छ ।


**तत्त्वमीमांसा**

जैनदर्शनले जड र चेतनरुप दुवैलाई तत्वका रुपमा स्वीकार गर्दछ । जीवलाई हेर्ने दृष्टिकोणमा यो दर्शन वेदान्तदर्शनको नजिक रहेको छ । यस दर्शनले जड चेतन रुपको परम सत्तालाई महत्व दिएको छ । यस दर्शनले पदार्थलाई द्रव्यका रुपमा निम्नानुसार उल्लेख गरिएको छः




International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)


१. द्विन्द्रिय
२. त्रिन्द्रिय
३. चतुन्द्रि्रय
४. पञ्चेन्द्रिय




**ज्ञानमीमांसा**


जैनदर्शनको ज्ञानसिद्धान्त अनेकान्तवाद, स्याद्वाद र सप्तभङ्गीनय मिलेर बनेको छ । यस दर्शनमा ज्ञानले अपरोक्ष र परोक्ष वा प्रत्यक्ष र अनुमान गरी ज्ञानका दुई प्रकार मानेको छ भने प्रत्यक्ष अनुमान र शब्द प्रमाणलाई स्वीकारिएको छ । यस दर्शनको ज्ञानतत्त्वलाई निम्नानुसारको आरेखमा देखाउन सकिन्छ:-




१. मति
२. श्रुति
३. अवधि
४. मनः पर्याय
५. कैवल्य

*International Research Journal of MMC (IRJMMC)*
**Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)**




## ३.१० बौद्ध दर्शन

### परिचय

बुद्ध आधार पदमा अ प्रत्यय लागेर बौद्ध शब्दको निर्माण भएको हो। बौद्ध धर्मसँग सम्बन्धित दर्शनलाई नै बौद्ध दर्शन भनिन्छ। बौद्ध धर्मको हीनयान सम्प्रदायको वैभाषिक र सौत्रान्त्रिक एवम् महायान सम्प्रदायको योगवार र माध्यमिक गरी बौद्ध दर्शनका चारवटा शाखा रहेको पाइन्छ। हाल आएर बौद्ध दर्शनभित्र माध्यमिक शाखा बढी लोकप्रिय रहेकाल बौद्ध दर्शन भन्नाले माध्यमिक दर्शनलाई बुझ्ने गरिन्छ। यस दर्शनकाबारे तलको भनाइबाट स्पष्ट हुनसकिन्छः

बौद्धदर्शन संसारका सबै वस्तुहरू अनित्य एवम् क्षणिक छन् भन्ने एक निरीश्वरवादी एवम् अनात्मवादी दर्शन हो। यसका प्रर्वतक हाम्रै कपिलवस्तुको शाक्य गणतन्त्रका युवराज सिद्धार्थ गौतम (५६३–४८३ इ.पू.) हुन्। बृद्ध, रोगी र मृतकलाई देखेर दुःखको अनुभव गरी त्यसको निवारणका लागि उपाय खोज्न राजकाज त्यागी निस्केका गौतमलाई कठोर साधना र अनेकौं गुरुका शिक्षाबाट समेत चित्त बुझेन। अन्त्यमा आफ्नै प्रयासबाट ज्ञान प्राप्त गरी उनी बुद्ध बने। त्यसपछि उनले आफ्नो मतको व्यापक प्रचार गरे। उनले कुनै ग्रन्थको रचना गरेनन्। उनले प्रवचनमार्फत् आफ्ना उपदेशहरू दिएका थिए। ती उपदेशहरू लामो समयसम्म मौखिक परम्परामा रहदै आए। पछि आएर ती उपदेशहरूलाई सङ्कलन गरी तीनवटा पिटक (त्रिपिटक) तयार गरिए। त्रिपिटक भनिने ती पिटकहरूमध्ये विनय पिटकमा आचरण र अनुशासन सम्बन्धी कुराहरू छन्। सूत्त पिटकमा स्वयम् बुद्धका वचन र उनका प्रारम्भिक शिष्यका भनाई रहेका छन्। अभिधम्म पिटकमा दार्शनिक विचारहरू रहेका छन्। (भुसाल,२०६८,पृ.११४)

**तत्त्वमीमांसा**

बौद्ध दर्शनले निर्वाणलाई परमतत्व स्वीकारेर अन्य सबै तत्वलाई क्षयशील ठान्दछ। 'सर्व क्षणिकम्' भन्ने मान्यताका आधारमा आत्मतत्वलाई पनि नित्य परिवर्तनशील ठान्नु यसको विशेषता हो। यस दर्शनमा तत्वमीमांसाप्रति त्यति रुचि देखिदैन। आत्मतत्व, ईश्वरतत्व दुबैको अस्वीकारबाट संसारका यावत पदार्थलाई परिवर्तनशील ठान्नु र निर्वाणमा विश्वास गर्नु यस दर्शनको मुख्य तत्वबोध हो।

**ज्ञानमीमांसा**

बौद्ध दर्शनभित्र पनि विभिन्न शाखा दर्शनहरू रहेकाले यसको ज्ञानमीमांसामा समेत विविधता पाइन्छ। अहिले बौद्धदर्शन भन्नाले मूलतः महायान सम्प्रदाय अन्तर्गतको माध्यमिक दर्शनका विचारलाई बुझ्ने गरिन्छ।

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

यसले प्रतीत्यसमुत्पाद, कर्मवाद, अनित्यवाद, अनात्मवाद, क्षणिकवाद, शून्यवादलगायतका सिद्धान्तका आधारमा ज्ञानतत्वको व्याख्या गरेको छ । यसले ज्ञान र ज्ञेयका बीच भेद देख्दैन । हरेक कार्यको कारण हुने भएकाले दुःखको पनि कारण छ । त्यही कारणको सही पहिचान हुनसकेमात्र दुःखबाट छुटकारा सम्भव छ भन्ने तथ्यसँगै सम्बन्धित छ । यसक्रममा चार आर्यसत्य ( सर्वं दुःखं, दुःख समुदाय, दुःख निरोध र दुःख निरोध मार्ग ), अष्टाङ्गिक दुखः निरोध मार्ग (सम्यक दृष्टि, सम्यक सङ्कल्प, सम्यक वाक्, सम्यक कर्मान्त, सम्यक आजीव, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक ज्ञान ), दुःखका द्वादश कारण ( जरा/मरण, जाति, भव, उपादान, तृष्णा, वेदना, स्पर्श, षडायतन, नामरुप, विज्ञान, संस्कार र अविध्या ) का बारेमा व्याख्या भएको छ ।

## ४. निष्कर्ष

दर्शन अफैंमा गहन विषय हो । यसले विवादित र जटिल विषयमा समेत धारणा प्रस्तुत गर्दछ । विज्ञानले तथ्यबाट प्रमाणित हुने संसारिक विषयलाई मात्र अध्ययन क्षेत्र बनाउने सन्दर्भमा दर्शनले भने अलौकिक विषयलाई समेत समेटेको हुन्छ । यसले तत्त्वमीमांसा, ज्ञानमीमांसा र आचारमीमांसाका क्षेत्रमा दृष्टिकोण प्रस्तुत गर्दछ ।

विश्वदर्शनका क्षेत्रमा पूर्वीय दर्शन अन्तर्गत पर्ने षड्दर्शन र चार्वाक, जैन तथा बौद्ध दर्शनको महत्वपूर्ण योगदान रहेको छ । यी दर्शनहरूले तत्वमीमांसा र ज्ञानमीमांसाका बारे मौलिक दृष्टिकोण राखेका छन् । यसक्रममा तत्वमीमांसाका सन्दर्भमा विमर्श गर्ने क्रममा साङ्ख्यदर्शनले पच्चीस तत्वलाई, योगदर्शनले साङ्ख्यको पच्चीससहित ईश्वर थप गरेर छब्बीस तत्वलाई, न्यायदर्शनले सोह पदाथलाई वैषेशिकदर्शनले सात पदार्थलाई, मीमांसादर्शनले पञ्चकर्मलाई, वेदान्तदर्शनले चौबीस तत्वलाई, चार्वाक दर्शनले भूतयचतुष्टयलाई, जैन दर्शनले तत्व (द्रव्य) देखि पुद्गलसम्मका जीवअजीव पदार्थलाई र बौद्धदर्शनले निर्वाणलाई परमतत्वलाई तत्वका रुपमा उल्लेख गरेको छ ।

ज्ञानमीमांसाका सन्दर्भमा विमर्श गर्ने क्रममा साङ्ख्यदर्शनले कार्यकारण सिद्धान्त र सत्कार्यवाद, योगदर्शनले चित्तको व्याख्या र अष्टाङ्ग योग, न्यायदर्शनले प्रमा, प्रमाता, प्रमाण र प्रमेयकाबारे वृहत् छलफल,वैषेशिकदर्शनले परमाणुवाद,मीमांसा दर्शनले धर्मफल(कर्मफल सिद्धान्त÷कर्मवाद), वेदान्तदर्शनले ज्ञानका प्रकार र मोक्षप्राप्तिका साधन, चार्वाकदर्शनले प्रत्यक्ष प्रमाणका आधारमा लौकिक संसारको व्याख्या, जैनदर्शनले अनेकान्तवाद, स्याद्वाद र सप्तभङ्गीनयको व्याख्या गर्दै ज्ञानका प्रकार एवम् विधि र बौद्ध दर्शनले प्रतीत्यसमुत्पाद,कर्मवाद, अनित्यवाद, अनात्मवाद, क्षणिकवाद, शून्यवादलगायतको दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ ।

## सन्दर्भसामग्री सूची

आचार्य, नारायणप्रसाद . (२०७६) .द्वन्द्ववाद र पौरस्त्यदर्शन .काठमाडौं: नेपाल प्रज्ञाप्रतिष्ठान ।

आचार्य, नारायणप्रसाद . (२०७३) .पौरस्त्य दर्शनमा भौतिकवाद . काठमाडौं: नेपाल प्रज्ञाप्रतिष्ठान ।

चट्टोपाध्याय, सतीशचन्द्र एवम् दत्त,धीरेन्द्रमोहन . (सन् १९४४) .भारतीय दर्शन .पटनाः पुस्तक भण्डार पब्लिसिङ हाउस ।

दामोदरन,के. (सन्२००१) . भारतीय चिन्तन परम्परा . (चौथो सस्क.) .नई दिल्लीः पिपुल्स पब्लिसिङ हाउस ।

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

प्रभात, विष्णु . (२०७२). प्रज्ञा दर्शनकोश (प्रधान सम्पादक), (नवौं सस्क.) . काठमाडौं: नेपाल प्रज्ञाप्रतिष्ठान ।

भुसाल, वेदुराम . (२०६८).नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू . काठमाडौं: नेपाल प्रज्ञाप्रतिष्ठान ।

राधाकृष्णन . (सन्२००२) . भारतीय दर्शन भाग २ . दिल्लीः राजपाल एण्ड सन्ज ।

वैद्य, मोहन .(२०७६) . हिमाली दर्शन(दोस्रो सस्क.) . काठमाडौं: शमी साहित्य प्रतिष्ठान ।